तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या ३/०७८/०७९ (११३) मिति २०७८/०६/०७ गते

प्रस्तावहरुः

१. कक्षा ६-८ सम्मको पाठ्यक्रम स्वीकृत गरी पाठ्यपुस्तक लेखन तयारी सम्बन्धमा ।
२. करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
३. "तिलोत्तमा नगरपालिकाको संयुक्त आवास र सामूहिक आवास भवन सम्बन्धी कार्यविधि २०७७" प्रथम संशोधन सम्बन्धमा ।
४. तिलोत्तमा नगरपालिकाको २०७८/०७९ को दर रेट स्वीकृत सम्बन्धमा ।
५. कार्यालय भवन निर्माण कार्य सम्पन्नताको प्रतिवेदन जि.स.स.मा पठाई रकम निकासा माग सम्बन्धमा ।
६. सम्मान तथा पुरस्कार वितरण समारोह सम्बन्धमा ।
७. विविध ।
   क) सडक योजनामा आवश्यक सहजिकरण सम्बन्धमा ।
   ख) "घ" वर्गको इजाजतपत्र प्रदान गर्न स्वीकृती सम्बन्धमा ।
   ग) बालमैत्री स्थानीय शासन सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं.-१

- नगर शिक्षा समितिको मिति २०७८/०५/२२ गतेको बैठकबाट सिफारिस भई आएको कक्षा ६ देखि ८ कक्षा सम्मको हाम्रो तिलोत्तमा स्थानीय पाठ्यक्रमलाई स्वीकृत गरियो साथै नियमानुसार पाठ्यपुस्तक लेखन प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.-२

- यस कार्यालयमा स्थानीय स्रोतबाट खर्च लेखिने गरी साविकमा करारमा कार्यरत तपसिलमा उल्लेखित कर्मचारीहरुको सेवा करारको म्याद २०७८ अषाढ मसान्तमा समाप्त भएको हुँदा उक्त पदमा स्थायी पदपूर्ति भएपश्चात करार सम्झौता स्वतः समाप्त हुने



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

गरी आ.व.२०७८/०७९ मा तोकिए बमोजिमको सेवा सुविधा दिने गरी देहाय अनुसार २०७८ श्रावण देखि २०७८ पौष मसान्त सम्म (६ महिनाको लागि) करार सेवाको म्याद थप गरी सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको कार्यालय तर्फका (करार) कर्मचारीहरु

| क्र.सं. | कर्मचारीको नाम थर | दर्जा | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | सुदीप ढकाल | सूचनाप्रविधि अधिकृत | २०७४/९/२४ देखि | PLGLP समेतको स्रोतबाट |
| ३ | अल्पा घिमिरे | व.स. परिचालक | २०७४/१०/३ देखि | |
| ४ | बिष्णु प्रसाद अर्याल | स्व. सचिव स. पाँचौ | २०७४/७/१९ देखि | |
| ५ | विनोद तिवारी | सब इ. | २०६९/५/२५ देखि | |
| ६ | पारेश्वर आचार्य | सब.ओ.सी. | २०६७/१/५ देखि | |
| ७ | इश्वर भण्डारी | अमिन | २०७१/६/४ देखि | |
| ८ | गणेश श्रेष्ठ | अ.सव. ईन्जिनियर | २०७६/०९/०१ देखि | |
| ९ | सुवोध भट्टराइ | अ.सव. ईन्जिनियर | २०७६/०९/०१ देखि | |
| १० | शिव पौडेल | अ.सव. ईन्जिनियर | २०७६/०९/०१ देखि | |
| ११ | जनार्दन ओली | अ.सव. ईन्जिनियर | २०७६/०९/०१ देखि | |
| १२ | भगवती तिवारी | स.क.अ. | २०६६/१०/२ देखि | |
| १३ | एन्जिला पौडेल | स.क.अ. | २०७४/१२/१५ देखि | |
| १४ | किरण अर्याल | स.क.अ. | २०७६/०९/०१ देखि | |
| १५ | गोमा कडेल | स.क.अ. | २०७६/०९/०१ देखि | |
| १६ | संजय वोस्ती | स.क.अ. | २०७६/०९/०१ देखि | |
| १७ | कल्पना शर्मा भुसाल | स.क.अ. | २०७६/०९/०१ देखि | |
| १८ | आनन्द कंडेल | स.क.अ. | २०७६/०९/०१ देखि | |
| १९ | रामकरण लोनीया | स.क.अ. | २०७६/०९/०१ देखि | |
| २० | अस्मिता ज्ञवाली गौतम | ना.प्रा.स. कृषि | २०७६/०९/०१ देखि | |
| २१ | बिन्दु रायमाझी | ना.प्रा.स. कृषि | २०७६/०९/०१ देखि | |
| २२ | महेश गौतम | ना.प्रा.स. पशु | २०७६/०९/०१ देखि | |
| २३ | गोबिन्द खनाल | ना.प्रा.स. पशु | २०७६/०९/०१ देखि | |
| २४ | त्रिबिक्रम न्यौपाने | ना.प्रा.स. पशु | २०७६/०९/०१ देखि | |
| २५ | नर प्रसाद श्रेष्ठ | नगर प्रहरी निरिक्षक | २०७६ चैत्र | |
| २६ | सरस्वती अर्याल | सहायक चौथो | २०५७/५/१९ देखि | |
| २७ | दिपक प्रसाद कडेल | मुखिया | २०६८/१/२० देखि | |
| २८ | सुरेश पाण्डे | हेभी स. चालक | २०७२/३/२७ देखि | |



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| २९ | मनोज पौडेल | हेभी (दमकल) चालक | २०७५/३/१ देखि | |
| ३० | परशुराम अर्याल | ह.सवारी चालक | २०७०/१/२१ देखि | |
| ३१ | राजु शर्मा | ह. स.चालक | २०७४/४/१ देखि | |
| ३२ | हरिशंकर नाँउ | ह. स.चालक | २०७४.१२/१५ देखि | |
| ३३ | हेमराज लामिछाने | नगर प्रहरी | २०७४/११/१६ देखि | |
| ३४ | डिल्लीराज पौडेल | नगर प्रहरी | २०७४/११/१६ देखि | |
| ३५ | सृजना बोहोरा | नगर प्रहरी | २०७५।६।१ देखि | |
| ३६ | प्रकाश चौधरी | नगर प्रहरी | २०७५।६।१ देखि | |
| ३७ | राकेश प्रसाद लोनिया | नगर प्रहरी | २०७५।६।१ देखि | |
| ३८ | रघुनाथ गौड | नगर प्रहरी | २०७६ चैत्र | |
| ३९ | अनिल बानिया | नगर प्रहरी | २०७६ चैत्र | |
| ४० | ओम प्रकाश कुवर | का.स. | २०६५/०१/२२ देखि | |
| ४१ | कमला न्यौपाने | का.स. | २०६७/११/२ देखि | |
| ४२ | देवी ज्ञवाली | का.स. | २०७२/११/२७ देखि | |
| ४३ | जय बहादुर खड्का | का.स. | २०७४/६/१ देखि | |
| ४४ | हरिराम कुवर जोगी | का.स. | २०७२/४/३ देखि | |
| ४५ | हेमलाल आचार्य | का.स. | २०७४/०४/१ देखि | |
| ४६ | मेनका तिवारी | का.स. | २०७४/१०/११ देखि | |
| ४७ | चन्दा थापा | का.स. | २०७४/१०/११ देखि | |
| ४८ | मञ्जु पन्थी | का.स. | २०७४/१०/११ देखि | |
| ४९ | पवित्रा भुर्तेल | का.स. | २०७४/१०/११ देखि | |
| ५० | लक्ष्मी खासु | का.स. | २०७४/१०/११ देखि | |
| ५१ | राधिका पाण्डेय | का.स. | २०६५/११/१९ देखि | |
| ५२ | निर्मला थारु | का.स. | २०७५/१/११ देखि | |
| ५३ | सीता पाठक | का.स. | २०७५/१/११ देखि | |
| ५४ | रमा भट्टराई | का.स. | २०७५/१/२४ देखि | |
| ५५ | अमृता थापा | का.स. | २०७०/५/२० देखि | |

- नगरपालिकामा कार्यरत करार कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिम पोशाक भत्ता र चाडवाड खर्च उपलब्ध गराउने।
- नगरकार्यपालिकाबाट निर्णय भए बमोजिम तलब स्केलको २०% अतिरिक्त भत्ता उपलब्ध गराउने। साथै, स्वास्थ्य संस्थातर्फका करारका कर्मचारीहरुलाई समेत ।
- नगर प्रहरी तथा दमकल चालकको लागि राशन भत्ता उपलब्ध गराउने।



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

- फायरमेनको थप जिम्मेवारी तोकिएका नगर प्रहरी तथा दमकलमा काम गर्ने कर्मचारीहरुलाई बिशेष सुबिधा वापत (तलवको ३०% रकम) उपलब्ध गराउने।

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**स्वास्थ्य संस्था तर्फका करार कर्मचारीहरु:**

| क्र.सं. | कर्मचारीको नाम थर | दर्जा | स्वास्थ्य संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | डा. बिनोद बढई | मेडिकल अधिकृत | सेमरा बजार स्वास्थ्य चौकी | |
| २ | प्रतिक्षा थापा | स्टाफ नर्स | शंकरनगर आईसोलेसन सेन्टर | |
| ३ | विमला रोका | हे.अ. | शहरी स्वास्थ्य केन्द्र,सीमानगर | |
| ४ | सरला पाण्डे | अ.न.मि. | शहरी स्वास्थ्य केन्द्र,सीमानगर | |
| ५ | शिशिर पाण्डे | हे.अ. | शहरी स्वास्थ्य केन्द्र,भलवारी | |
| ६ | निर्मला पोखरेल | अ.न.मि. | शहरी स्वास्थ्य केन्द्र,भलवारी | |
| ७ | विदुर ज्ञवाली | हे.अ. | शहरी स्वास्थ्य केन्द्र, मन्द्राहनी | |
| ८ | मोनिका बस्याल | अ.न.मि. | शहरी स्वास्थ्य केन्द्र,मन्द्राहनी | |
| ९ | निशा पुन | अ.न.मि. | सेमरा बजार स्वास्थ्य चौकी | |
| १० | रमा पाण्डे | अ.न.मि. | सेमरा बजार स्वास्थ्य चौकी | |
| ११ | यमकला डुम्रे | अ.न.मि. | आनन्दवन स्वास्थ्य चौकी | |
| १२ | तुल्सा अधिकारी | अ.न.मि. | आनन्दवन स्वास्थ्य चौकी | |
| १३ | सुमिता भट्टराई | का.स. | शहरी स्वास्थ्य केन्द्र,सीमानगर | |
| १४ | गिता न्यौपाने तिवारी | का.स. | शहरी स्वास्थ्य केन्द्र,भलवारी | |
| १५ | विमला पुरी | का.स. | शहरी स्वास्थ्य केन्द्र,मन्द्राहनी | |
| १६ | यसोदा पौडेल | का.स. | स्वास्थ्य शाखा, ति.न.पा. | |
| १७ | लाल बहादुर चौधरी | का.स. | गंगोलिया स्वास्थ्य चौकी | |
| १८ | पुष्पा थापा | का.स. | मधवलिया स्वास्थ्य चौकी | |
| १९ | अरविन्द सापकोटा | का.स. | करहिया आयुर्वेद औषधालय | |
| २० | शान्ति चौधरी | स्वीपर | आनन्दवन स्वास्थ्य चौकी | |
| २१ | दुर्गा कुमारी चौधरी | स्वीपर | सेमरा बजार स्वास्थ्य चौकी | |

साथै, भूमी सम्बन्धी समस्या समाधान आयोग अन्तरगत नगरपालिकामा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँच कार्यका लागि नगरपालिकाद्धारा करार गरिएका तपसिल अनुसारका प्राविधिक (अमिन)हरुको करार म्याद २०७८ साउन मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

१. इन्द्रजित वली



वासुदेव घिमिरे
नगर प्रमुख

२. राजु पाण्डेय
३. रिंकु कोहार
४. सन्देश थापा
५. आसमान बस्नेत

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.-३

"तिलोत्तमा नगरपालिकाको संयुक्त आवास र सामूहिक आवास भवन सम्बन्धी कार्यविधि, २०७७" को दफा ४ को उपदफा (१) मा देहायको प्राविधिक समितिमा थप गरी प्रथम संशोधन २०७८ कायम गर्ने निर्णय गरियो ।

(१) पेश हुन आएका प्रस्तावउपर छानविन गर्न नगरपालिकामा देहाय बमोजिमको प्रविधिक समिति रहनेछ ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| उप प्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| योजना शाखा ईन्जिनियर | सदस्य |
| नगरपालिकाको स्टक्चरल इन्जिनियर | सदस्य |
| नगरपालिकाको वातावरण शाखा इन्जिनियर | सदस्य |
| सहरी विकास तथा भवन कार्यालय रुपन्देही/ सहरी विकास तथा भवन निर्माण विभाग संघीय कार्यान्वयन ईकाइ । | सदस्य |
| नापी शाखा कार्यालयको प्रतिनिधी (अधिकृत स्तर) | सदस्य |
| डिभिजन बन कार्यालयको प्रतिनिधी (अधिकृत स्तर) | सदस्य |
| मालपोत कार्यालयको प्रतिनिधी (अधिकृत स्तर) | सदस्य |
| भवन तथा बस्ति विकास शाखाको इन्जिनियर (नक्सा शाखा) | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार बैठकमा अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

अन्य संशोधन प्राविधिक समितिको सट्टामा समिति उल्लेख रहने ।

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत



वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

(४) (५) दफा (४) बमोजिम समितिले परीक्षण गरे पश्चात् समितिको बैठकको प्रस्ताव र निर्णयानुसार सम्बन्धित शाखाले मापदण्ड पुगेको प्रस्तावको हकमा योजना स्वीकृतीको प्रकृयाका लागि रायसहितको प्रतिवेदन सहित नक्सा तथा कागजातहरु प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले समितिबाट पेश भएका कागजात तथा प्रतिवेदन उपर थप राय दिन आवश्यक भए सो समेत उल्लेख गरी स्वीकृतीको लागि नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

निर्णय नं.-४

- स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १३ अनुसार आफ्नो क्षेत्रभित्रको विकास निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि सम्बन्धित स्थानीय तहले निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको न्यूततम दररेट तोक्नुपर्ने व्यवस्था भएअनुरुप आ.व. २०७८/०७९ को लागि यस नगरपालिकाले **रुपन्देही जिल्लाको स्वीकृत जिल्ला दररेटलाई नै स्थानीय दररेटको** रुपमा कायम गर्ने निर्णय गरियो ।साथै उक्त जिल्ला दररेटमा उल्लेख नभएका विषयवस्तुहरु संघीय तथा प्रादेशिक कार्यालय वा अन्य स्थानीय तहमा स्वीकृत नम्सलाई आधार मानी गर्ने वा बस्तु तथा सेवा र सेवा परामर्श समेतको लागत अनुमान प्रयोजनको लागि बजारबाट कम्तिमा ३ ओटा कोटेशन माग गरी न्यूनतम् दररेटको आधारमा लागत अनुमान मूल्य तयार गरी खरिद प्रक्रिया अगाडी बढाउने साथै चालु वर्षमा सोही बमोजिम गरिएका कामहरुलाई अनुमोदन गर्ने ।

निर्णय नं.-५

- यस नगरपालिकाको कार्यालय भवन निर्माण कार्य सम्पन्न भएकोले निर्माण सम्बन्धी प्रतिवेदन जिल्ला समन्वय समितिमा पठाउने र भवन निर्माणको लागि जिल्ला समन्वय समितिबाट प्राप्त हुनु पर्ने रकम ६५१२५८८५ मध्ये ४५५८८००० रकम प्राप्त भएको र बाँकी रकम मध्येबाट जिल्ला समन्वय समितिमा बुझाउनु पर्ने नदीजन्य पदार्थको ठेक्काबाट रु.२५७५२१४ रकम कट्टा गरी बाँकी रकम रु.१६९६२६७१/- माग गर्ने निर्णय गरियो ।

निर्णय नं.-६

- यस नगरपालिकाको नगरक्षेत्रभित्र सेवा प्रवाह, विकास निर्माण, शैक्षिक गुणस्तर वृद्धि, आर्थिक विकास, सामाजिक परिचालन, पत्रकारिता, समाज सेवा लगायतका विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने कर्मचारी लगायत विभिन्न व्यक्तित्व तथा संघसंस्थाहरुलाई पुरस्कृत गर्न व्यक्ति तथा संस्था छनौटका लागि सम्मान तथा पुरस्कार सिफारिस समितिलाई जिम्मा दिने निर्णय गरियो ।



वासुदेव घिमिरे
नगर प्रमुख

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.-७ विविध (क)

- ग्रामीण सडक सञ्जाल सुधार आयोजनाद्धारा स्तरोन्नती हुने बसडिलवा, बाउन्नकोटी, करौजिया, डिङ्गरनगर, देविनगर (cho+000 देखि २०+२६२) का लागि आवश्यक पर्ने चौडाई १० मि. (सडक केन्द्र देखि दायाँ बायाँ ५/५ मिटरमा पर्ने प्रभावित व्यक्तिगत जग्गा र संरचनाहरु निशुल्क/स्वेच्छिकरुपमा हटाउन सहजिकरण र समन्वय गर्ने भनी प्रतिवद्धता सहितको पत्र सम्बन्धित कार्यालयमा पठाउन र जग्गादाता र संरचना धनीहरुलाई कार्यान्वयन चरणसम्म हस्ताक्षर गर्न सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.-७ विविध (ख)

- तिलोत्तमा नगरपालिका वडा नं. ५ स्थित जगरनाथ निर्माण व्यवसायले "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गर्नको लागि आवश्यक कागजात सहित निवेदन पेश भएकोमा सो सम्बन्धमा गठित जाचँबुझ तथा सिफारिस समितिको मिति २०७८/०६/०६ को सिफारिस अनुसार "तिलोत्तमा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन)" को दफा ४ अनुसार उक्त निर्माण व्यवसायीलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउन स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.-७ विविध (ग)

- मिति २०७८/०८/२९ गतेका दिन यस नगरपालिकालाई सम्पूर्ण सूचकहरु तयार गरी बामैत्री स्थानीय शासन घोषणा गर्ने निर्णय गरियो र उक्त कार्यको लागि आवश्यक सहयोग समन्वय तथा सहजीकरण गर्नको लागि तपसिलका सदस्यहरु रहेको उप समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री सुरेन्द्र श्री |
| सदस्य | श्री राधा साही |
| सदस्य | श्री संगिता गुरुङ्ग |
| सदस्य | श्री एच वि रम्तेल |
| सदस्य सचिव | श्री शारदा भट्टराई |

- बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि बालकोष संचालन कार्यविधि निर्माण गर्ने साथै रु.पाँच लाख बरावरको बाल संरक्षण कोष स्थापना गरी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा अधिकृतबाट उक्त कोषको खाता संचालन गर्ने निर्णय गरियो ।
- मिति २०७६।०९।१० गते (७५) को कार्यपालिकाको निर्णयानुसार गठित बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनिति २०६८ बमोजिम गठित बालमैत्री स्थानीय शासन नगर समितिलाई मिति २०७८।०३।२७ को निर्णयानुसार माननीय मन्त्रीस्तर स्वीकृत बालमैत्री स्थानीय



प्रदिप पाडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

शासन कार्यान्वयन निर्देशिका २०७८ बमोजिम तपशीलका सदस्यहरु रहेको बालमैत्री स्थानीय शासन नगर समिति पुर्नगठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. अध्यक्ष | नगरप्रमुख श्री बासुदेव घिमिरे | |
| २. उपाध्यक्ष | नगरउपप्रमुख श्री जागेश्वर देवी चौधरी | |
| ३.सदस्य | प्र.प्र अधिकृत श्री प्रदिप पौडेल | |
| ४.सदस्य | श्री तामनाथ पाण्डेय | ( वडा नं. १ ) |
| ५.सदस्य | श्री दधिराम गौतम | ( वडा नं. २ ) |
| ६.सदस्य | श्री टंक प्रसाद तिवारी | ( वडा नं. ३ ) |
| ७.सदस्य | श्री दिवाकर ढकाल | ( वडा नं. ४ ) |
| ८.सदस्य | श्री चेतनारायण भण्डारी | ( वडा नं. ५ ) |
| ९.सदस्य | श्री सुखदेव न्यौपाने | ( वडा नं. ६ ) |
| १०.सदस्य | श्री दुर्गा प्रसाद पाण्डेय | ( वडा नं. ७ ) |
| ११.सदस्य | श्री कृष्ण प्रसाद पौडेल | ( वडा नं. ८ ) |
| १२.सदस्य | श्री नारायण न्यौपाने | ( वडा नं. ९ ) |
| १३.सदस्य | श्री व्यासमन थारु | ( वडा नं. १० ) |
| १४.सदस्य | श्री मुक्तिनारायण चौधरी | ( वडा नं. ११ ) |
| १५.सदस्य | श्री सहदेव थारु | ( वडा नं. १२ ) |
| १६.सदस्य | श्री गणेश न्यौपाने | ( वडा नं. १३ ) |
| १७.सदस्य | श्री सोहन प्रसाद थारु | ( वडा नं. १४ ) |
| १८.सदस्य | श्री खेमराज गुरुङ्ग झविलाल भुसाल | ( वडा नं. १५ ) |
| १९.सदस्य | श्री झविलाल भुसाल | ( वडा नं. १६ ) |
| २०.सदस्य | श्री दान बहादुर चौधरी | ( वडा नं. १७ ) |
| २२.सदस्य | श्री गीता कुमारी सापकोटा | |
| २३.सदस्य | श्री गायत्री पाण्डेय | |
| २४.सदस्य | श्री संगिता गुरुङ्ग | |
| २५.सदस्य | श्री राधा शाही | |
| २६.सदस्य | श्री मिरा कुमारी बि.क | |
| २७.सदस्य | श्री लक्ष्मण दमाई नेपाली | |
| २८.सदस्य | श्री सुरेन्द्र श्री | |
| २९.सदस्य | श्री हर्क बहादुर सार्की,रम्तेल | |

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ३०.सदस्य | श्री मोती प्रसाद पौडेल (स्वास्थ्य शाखा ) | |
| ३१.सदस्य | श्री गंगाराम आचार्य (शिक्षा शाखा ) | |
| ३२.सदस्य | श्री सम्झना भण्डारी (महिला तथा बालबालिका शाखा ) | |
| ३३.सदस्य | श्री गोरखनाथ खनाल (खाने पानी तथा सरसफाई शाखा ) | |
| ३४.सदस्य | श्री रिमा बि.सी (गै.स.स ) | |
| ३५.सदस्य | श्री मिनाक्षी न्यौपाने (महिला तथा बाल अधिकारकर्मी ) | |
| ३६.सदस्य | श्री विजु पौड्याल (महिला तथा बाल अधिकारकर्मी ) | |
| ३७.सदस्य | श्री खुम बहादुर थापा ( बि.व्य.स ) | |
| ३८.सदस्य | श्री तारा नेपाल ( स्वा.व्य.स ) | |
| ३९.सदस्य | श्री गिता पन्थ (महिला शिक्षिका ) श्री जनजागृति मा.वि | |
| ४०.सदस्य | श्री गंगा खरेल (महिला स्वा.स्वयंसेविका ) | |
| ४१.सदस्य | श्री स्नेहा पौडेल (नगर बाल संजाल) | |
| ४२.सदस्य | श्री आदित्य पाण्डेय ( नगर बाल संजाल) | |
| ४३.सदस्य | श्री हेमराज पौड्याल नगर टो.वि.स अध्यक्ष (म.त.बा.क्षेत्रमा काम गर्ने सामुदायिक सं.) | |
| ४४.सदस्य | श्री मंगलापुर चौकी इन्चार्ज प्रमुख | |
| ४५.सदस्य सचिव | श्री गंगाराम आचार्य (सामाजिक विकास शाखा प्रमुख) | |

- बालमैत्री स्थानीय शासन नगर समितिलाई मिति २०७८।०३।२७ को निर्णयानुसार माननीय मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ बमोजिमका ५१ वटा सूचकको सम्पूर्ण सदस्यलाई जानकारी गराई ५१ वटा सूचक तथा २८ वटा खुड्किलाको सरलीकरण गरिनुका साथै सुचकअनुसार मिति २०७८।०८।२९ गतेका दिन सम्पूर्ण सूचकहरु पुरा गरि बालमैत्री स्थानीय शासनयुक्त न.पा घोषणा गर्ने योजना मुताबिक तयार पारिएको तपशील बमोजिमको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशील**

**बालमैत्री सुचकको सरलीकरण/स्थानीयकरणका सूचकहरु**

| क्र.स. | सेवा प्रवाह सम्बन्धी सूचकहरु | सूचकहरुको सरलीकरण/स्थानीयकरण |
|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने, | - जम्मा गर्भवतिको,सुत्केरी संख्या भएको<br>- प्रसूती पूर्व ४ पटक जाँच गराएको गर्भवतीको कार्ड भएको ।<br>- आमा र नव शिशूको स्वास्थ्य जाँच गराउने सुत्केरीको रेकर्ड भएको । |



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

| | | |
|---|---|---|
| | गर्भवती महिलाले टि डी विरुद्धको २ वटा खोप लगाएको हुनुपर्ने, | - जम्मा गर्भवती संख्या भएको । <br> - सबै गर्भवतीले टि.डि. खोपलगाएको कार्ड को सहयोगमा).रजिष्टरमा दर्ता भएको |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने | - गर्भवती र ४५ दिनको सुत्केरी संख्या। <br> - सुत्केरी पूर्व १८० ओटा आइरन चक्की र सुत्केरी पछि ४५ ओटा आईरन चक्की (जम्मा २२५ वटा खाएको महिलाको संख्या रेकर्ड भएको <br> - मातृशिशु रजिष्टरमा रेकर्ड भएको । |
| ४ | गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मी बाट सुत्केरी गराइएको हुनुपर्ने, | - जम्मा गर्भवतिको संख्या भएको <br> - प्रसुती केन्द्र भएको संख्या <br> - स्वास्थ्य संस्थामा दक्ष प्रसुति स्वास्थ्य कर्मी बाट सुत्केरी भएको संख्या । <br> - मातृ सेवा रजिष्टरमा दर्ता भएको । |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) हुनुपर्ने | - ६ महिना सम्मको बालबालिका संख्या भएको । <br> - एक आर्थिक बर्ष भित्र ६ महिना देखी १ वर्ष सम्मको सूत्केरी भएको आमा संख्या । <br> - जन्मिएको १ घण्टाभित्र आमाको दुध (विगौती) खाएको नवशिशु को संख्या भएको <br> - ६ महिना सम्म आमाको दूध मात्र खाएको शिशूको संख्या भएको <br> - पोषण सेवा रजिष्टरमा दर्ता भएको |
| ६ | ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनुपर्ने | - ६ महिना देखि ५ वर्ष सम्मका बालबालिकाको संख्या भएको । <br> - ६ महिना देखि ५ वर्ष सम्मका भिटामिन ए खाएको बालबालिकाको संख्या भएको <br> - १ देखि ५ वर्ष मूनिको जुकाको औषधी खाएका बालबालिकाहरुको संख्या भएको <br> - ग्रुप मनिटरिङ.रजिष्टरमा दर्ता भएको र स्वास्थय संस्थाको प्रतिवेदन भएको । |
| ७ | २३ महिना भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्णखोप प्राप्त गरी पूर्णखोप घोषणा भएको हुनेछ | - १६ देखी २३ महिना भित्रका बालबालिकाको संख्या भएको । <br> - पूर्ण खोपकार्ड भएको <br> - खोप रजिष्टरमा दर्ता भएको <br> - पूर्णखोप घोषणा भएको । |
| ८ | एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARV Prophylaxis पाएका हुनेछन् । <br> १०० | - एच.आई.भी. संक्रमित गर्भवती आमा पहिचान भएको <br> - एच.आई.भी. संक्रमित आमा बाट जन्मिएको बालबालिकाको संख्या पहिचान भएको । <br> - ए.आर.भी प्रोफाईल ल्याक्सीस लिने बालबालिका संख्या भएको । <br> - मातृशिशु रजिष्टरमा पी.यम.टी.सी.टी को रेकर्ड भएको |



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ९ | सबै घरपरिवारले आयोडीनयुक्त नून प्रयोग गरेका हुनेछन | घरधूरी संख्या भएको हुने<br>. आयोडीन युक्त नून प्रयोग गरेको घरधुरी<br>- .कार्यकम संचालन तथा अनुगमन गरेको हुने |
| १० | कमतौल,पुडको र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाको संख्यामा कमी आएको हुनेछ | -यस्ता बालबालिकाको संख्या यकीन हुने<br>-संख्यामा कमी ल्याउने कार्य संचालन गरेको हुने |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या सुन्य भएको हुनेछ<br>१०० | -यस्ता बालबालिकाको संख्या यकीन हुने<br>-सुन्यमा ल्याउने कार्य संचालन गरेको रेकर्ड हुने |
| १२ | सबै घरधुरीमा आधारभूत खानेपानीको सुबिधा उपलब्ध भएको हुनेछ<br>१०० | जम्मा घरधुरी संख्या भएको<br>- प्रत्येक घरधुरीमा स्वच्छ खानेपानीको पहूँच भएको ।<br>पानीको शुद्धिकरण जाँच भएको । |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु /खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ | -जम्मा घरधुरी सख्या भएको<br>-चर्पी भएको घर सख्या भएको<br>-चर्पीमा साबुन पानी भएको<br>-हातधुने आनीबानी परिवर्तन भएको |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ १०० | -जम्मा घरधुरी सख्या भएको<br>-चर्पी भएको घर सख्या भएको<br>-वडा नगर खुला दिसामुक्त घोषणा भएको हुने |

| **बाल संरक्षण** | | **स्थानीयकरण गरिएका सूचकहरु** |
|---|---|---|
| १ | ५वर्षमुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | - ५ वर्ष सम्मको बालबालिकाको संख्या एकिन भएको ।<br>- ५वर्ष मुनिको जन्म दर्ता भएको बालक र बालिकाको संख्या भएको ।<br>- जन्मदर्ता अभिलेख अध्यावधिक भएको |
| २ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुर्नस्थापना भएको हुनेछ । | - १८ वर्ष सम्मको जम्मा बालबालिका संख्या भएको ।<br>- १४ वर्ष भन्दा कम उमेरमा निकृष्ट बालश्रममा रहेका बालबालिका को संख्या भएको ।<br>- १४ देखि १८ वर्षमा निकृष्ट जोखिमपूर्ण कार्यमा रहेका बालबालिका को संख्या (गिट्टि, ढूङगा, यातायात, कारखाना, होटल, भरिया) भएको<br>- बालश्रमिक पूर्नस्थापना योजना बनेको र कार्यान्वयन भएको । |
| ३ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | - आधार वर्षमा जम्मा विवाह भएको संख्या ।<br>- आधार वर्षमा १८ वर्ष मुनी विवाह भएको संख्या<br>- २० वर्ष मुनी विवाह भएको संख्या<br>- बिबाह दर्ता अभिलेख अध्यावधिक भएको<br>- वडा नगर बालविवाह मुक्त घोषणा भएको |
| ४ | घरपरिवार ,समुदाय,सार्वजनिक स्थान( | - घरेलू हिंसा क्षेत्र पहिचान भएको । |



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

| | | |
|---|---|---|
| | विद्यालय,सामाजिक चाडपर्व,भेला)मा बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण,वेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ । | - महिला बालबालिका र किशोर किशोरी को लागि बाल संरक्षण कार्ययोजना तयार भएको (र बालबालिका तथा महिला शाखा)<br>- बालसंरक्षण कार्ययोजना कार्यान्वयनमा आएको ।<br>- निगरानी भएको |
| ५ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई संचालनमा ल्याईएको हुनेछ | - नपा., वडा बालअधिकार समिति गठन तथा क्रियाशील भएको ।<br>- समितिको नियमित वैठक वसेको ।<br>- स्थानीय प्रहरी निकायमा बालबालिका सेवा केन्द्र स्थापना भएको ।<br>- कार्ययोजना कार्यान्वयन र अनुगमन भएको |
| ६ | छाउपडी,कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | - यस्ता प्रकारका कुप्रथाको पहिचान भएको<br>- कुप्रथा नरहेको प्रमाणित भएको हुने |
| ७ | स्थानीय तह, समुदायले १४ बर्ष मुनिका असहाय बालबालिका( भएमा)को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन् । | - यस्ता प्रकारका बालबालिकाको संख्या यकीन भएको हुने<br>- नगर द्धारा विशेष व्यवस्था गरेको हुने |
| ८ | स्थानीयतहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ( सडक बालबालिका (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने ) | - यस्ता बालबालिकाको संख्या यकीन भएको हुने<br>- व्यवस्थापन भएको हुने |
| ९ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | - विद्यालयको लिखित प्रतिबद्धता भएको<br>- विद्यालयको बालसमूह द्धारा पुष्ट्याई भएको |
| १० | कुलतमा लागेका बालबालिकाको लागि वालसुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | - यस्ता बालबालिकाको संख्या यकीन भएको हुने<br>- वालसुधार गृहको व्यवस्था भई वडा नगर द्धारा अनुगमन भएको हुने |

**बालविकास**

| क.सं. | सूचकहरु | स्थानीयकरण गरिएको सूचक |
|---|---|---|
| १ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउ दर सत प्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने) | -<br>- बालविकास केन्द्रको अवस्था अनुगमन भएको<br>- ३ देखि ४ वर्ष सम्मका बालबालिकाको संख्या भएको ।<br>- ३ देखि ४ वर्ष सम्मको बाल विकास केन्द्रमा जाने बालबालिका संख्या भएको<br>- बाल विकास केन्द्रकमा भर्ना अभिलेख भएको |
| २ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखिकक्षा ८ सम्म) पुरा गरेका हुनेछन । | - सेवा क्षेत्र भित्रका ५ देखि १२ वर्ष उमेर समूहका बालबालिका को संख्या भएको ।<br>- कक्षा १ देखि ८ सम्म भर्ना र उतिर्ण भएको संख्या ।<br>- बोलाउ,सिकाउ,टिकाउ,विकाउ अवधारण अवलम्बन गरेको |
| ३ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था भई यसको प्रयोग | - शौचालय भएको विद्यालयहरुको संख्या<br>- विद्यालयका शौचालयहरुको अवस्था अनुगमन भएको |



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | भएको हुनेछ, | - छात्रा मैत्री (सेनेटरी प्याडको उचित व्यवस्थापन सहितको) शौचालय भएको विद्यालय संख्या ।<br>- लैङ्गिक संम्पर्क शिक्षकको व्यवस्था भएको । |
| ४ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा,फर्निचर,खेलमैदान, खानेपानी धारा,) वालमैत्री,अपाङ्गता मैत्री र सुरक्षित भएका हुनेछन् । | -शाखा द्वारा विद्यालयको अवस्था अनुगमन भएको हुने<br>-प्रतिवेदन तयार गरेको हुने<br>- पूर्वाधारको निर्माण भएको हुने<br>-पूर्वाधारको छविचित्र भएको हुने |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्वन्धी कार्यक्रम सचालन भएको हुनेछ, | - विद्यालयहरुले बालसहभागितामा वार्षिक कार्य तालिका बनाएको<br>- महिनाको कम्तीमा ३ पटक अतिरिक्त क्रियाकलाप गर्ने विद्यालयको संख्या भएको<br>- अतिरिक्त क्रियाकलाप संचालन गरेको अभिलेख ।<br>- अतिरिक्त क्रियाकलाप क्यालेन्डर बि.व्य.स.द्वारा प्रमाणित भएको । |
| ६ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहर अलग अलग बिर्सजन गर्ने व्यवस्था गरेका हुनेछन । | - विद्यालयहरुले व्यवस्था गरेको हुने<br>- फोहर नियमित संकलन र उचित विर्सजन गरेको हुने |

| **बाल सहभागीता** | | **सूचक स्थानीयकरण** |
|---|---|---|
| १ | स्थानीय तहमा समावेशी आधारमा बालसंजाल गठन भई कियाशील(न्यूनतम वार्षिक ३ वटा वैठक,३ वटा कार्यक्रम संचालन) गरेका हुनेछन । | -प्रकियागत वडा,नगर तहमा बालसमूह संजाल गठन भएको हुने<br>-नियमित वैठक गरेको हुने<br>-कार्यकम संचालन क्षमता भएको हुने<br>-सूचीकृत भएको हुने |
| २ | स्थानीय तहका बस्ती ,टोल र विद्यालयहरुमा समावेशी आधारमा बालसमूहको( गठन भै क्रियाशील (न्यूनतम वार्षिक ३ वटा वैठक,३ वटा कार्यकम संचालन) रहेका हुनेछन । | - प्रकियागत विद्यालय टोल वस्तीमा बालसमूह गठन भएको हुने<br>-नियमित वैठक गरेको हुने<br>-कार्यकम संचालन क्षमता भएको हुने<br>-सूचीकृत भएको हुने |
| ३ | पाँच कक्षा भन्दामाथि अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालसमूहको प्रतिनिधित्व रहनेछ । | - बालसहभागिताका लागी बि.व्य.स.को निर्णय भएको<br>- विद्यालयमा आधारित बालसमूहको प्रतिनिधीत्व अर्थपुर्ण सहभागिता भएको ।<br>- विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रित अर्थपूर्ण सहभागिता भएको<br>- बालआवाजको उचित सुनुवाई भएको । |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बालसमूह संजालको प्रतिनिधित्व हुनेछ | - वालसहभागिताका लागी स्वा.व्य.स.को निर्णय भएको<br>- स्वास्थ्य व्यवस्थापन समितिको बैठकमा आमन्त्रितअर्थपूर्ण बाल सहभागिता गरेको ।<br>- बाल आवाजको उचित सुनुवाई भएको । |
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना,समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाहरुको संस्थागत | -विभिन्न बाल सान्द्रभिक संरचनाहरुमा सहभागिताका लागि निर्णय भएको<br>-बालसहभागिता भएको आधार अभिलेख भएको |



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

| | | |
|---|---|---|
| | सहभागिता सुनिश्चित गरिएको हुनेछ । | |
| ६ | बालभेलाबाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | -वडा ,नगरले वार्षिक बालभेला द्वारा योजना छनौट गरेको<br>-योजनाको प्राथमिकता निर्धारण भएको<br>-वडा, नगर द्वारा स्वीकृत गरेको<br>-योजना आवधिक लगानी योजना संग मिलान गरी कार्यान्वयन गरेको |
| | **संस्थागत विकास सम्बन्धी सूचकहरु** | **सूचकको स्थानीयकरण** |
| १ | **वडा,गाउँ नगरपालिका तहमा बालमैत्री सथानीय शासन समितिहरु गठन भई कृयाशील रहेका हुनेछन ।** | - नपा. तथा वडामा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति(वडा बालमैत्री समिति) गठन भएको हुने ।<br>- बालमैत्री स्थानीय शासनसमितिहरुको नियमित बैठक बसेको ।<br>- निर्माण भएको कार्ययोजना , समिक्षा र संयुक्त अनुगमन नियमित रुपमा भएको । |
| २ | **स्थानीय तहहरुले आफनो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन ।** | - सरोकारवालाहरुको अर्थपूर्ण सहभागितामा बालमैत्री आचारसंहिता तयार गरेको ।<br>- कार्यपालिकाले पास गरेको ।<br>- प्रकाशन, प्रचार प्रसार गरेको ।<br>- आचार संहिताको कार्यान्वयन र अनुगमन गरेको । |
| ३ | **गाउँपालिका ,नगरपालिकामा कम्तिमा एक बालउद्यान सहितको बालमैत्री सिकाई स्रोतकेन्द्र संचालनमा रहेको हुनेछ** | - बालउद्यान निर्माणका लागि योजना भएको<br>- बालउद्यान निर्माण भएको<br>- नगरमा बालमैत्री सिकाई स्रोतकेन्द्र संचालनमा रहेको |
| ४ | **बालबालिको वस्तुगत विवरणको आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ ।** | - बालबालिकाका लागि आवधिक लगानी योजना निर्माण भएको ।<br>- वडा बैठकले पारित गरेको<br>- नगर कार्यपालिकाले पास गरेको ।<br>- कार्ययोजना कार्यान्वयन र अनुगमन भएको<br>- समिक्षा भएको । |
| ५ | **स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ,नगर तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका बिषयलाई स्थानीयतहको योजना तर्जुमा प्रकृयामा समावेश गरिएको हुनेछ ।** | -वडा ,नगरले बार्षिक बालभेला द्वारा योजना छनौट गरेको<br>-योजनाको प्राथमिकता निर्धारण भएको<br>-वडा, नगर द्वारा स्वीकृत गरेको<br>-योजना आवधिक लगानी योजना संग मिलान गरी कार्यान्वयन गरेको |
| ६ | **.स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ** | - वडातथा नगरपालिकाका बालबालिकाहरुको वस्तुगत विवरण तयारी भएको ।<br>- स्थिती पत्र तयार भई प्रकाशन भएको ।<br>- प्रत्येक दुई वर्षमा स्थिती पत्र समिक्षा र अद्यावधिक भएको ।<br>- दिगोपनका लागि रणनीतिक योजना तयार भएको |
| ७ | **प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड पुरा गरेको** | - बालविकास केन्द्रको अवस्था अनुगमन भएको ।<br>- बालविकास केन्द्रको व्यवस्थापन समितिको |



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | हुनेछन । | नियमित बैठक वस्ने गरेको<br>- बाल विकास केन्द्र को व्यवस्थापन गरेको |
| ८ | **विद्यालयले कक्षा ६ देखी १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री,वातावरण मैत्री र विपत व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा संचालन गरेका हुनेछन ।** | -वि.व्य.सको निर्णय भएको<br>-बालमैत्री वातावरण सुनिश्चित हुने योजना भएको<br>-बाल केन्द्रित विपतको पूर्व सावधान सचेतना शत्र संचालन गरेको हुने |
| ९ | **आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षावाट वंन्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा - व्यवसायिक तथा सीपमूलक तालिम ) प्राप्त गरेका हुनेछन ।** | -यस्ता बालबालिकाको संख्या यकीन भएको हुने<br>-वडा,नगरको विषयगत योजना तयार भएको हुने<br>-योजना कार्यान्वियन गरेको हुने |
| १० | **स्थानीय तहमा रहेका प्रहरी ( कार्यालय )चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाई रहेको हुनेछ ।** | -नगर स्तरमा रहेका जनपद प्रहरीको कार्यालयमा बालमैत्री सम्पक एकाईको स्थापना गरेको हुने<br>-बाल आवाजको सुनुवाई भएको हुने |
| ११ | **विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गतामैत्री हुनेछ ।** | -यातायात व्यवसायी संग समन्वय गरेको हुने<br>-मापदण्ड तयार र कार्यान्वयन गरेको हुने |
| १२ | **स्थानीय तहको प्रशासकीय भवनमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ ।** | - नगरपालिका भवनमा स्तनपान कक्षको व्यवस्था भएको हुने<br>- कक्षको प्रयोग भएको हुने |
| १३ | **बसपार्क,सिनेमाहल,हाटबजार,खेलमैदान,जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ ।** | - यस्ता ठाउँको अवस्था अनुगमन भएको हुने<br>- अवस्थाको प्रतिवेदन तयार भएको हुने<br>- उचित व्यवस्थापन भएको हुने |
| १४ | **स्थानीय तहको विपत व्यवस्थापन योजनामा विपतको समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ ।** | - नगरस्तरीय बालकोषको स्थापना भएको हुने<br>- संचालन कार्यविधि तयार र स्वीकृत भएको हुने<br>- नगरको बालकेन्द्रित विपत जोखिम न्यूनीकरण सम्बन्धी योजना तयार गरेको हुने |
| १५ | **विपतको समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ** | - नगरस्तरीय विपत व्यवस्थापन समिति भएको हुने<br>- विपत पूर्व व्यवस्थापन सहयोग समाग्रिको व्यवस्था भएको हुने |

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
प्रदेश नं ५, नेपाल

**बालमैत्री स्थानीय शासन नीतिगत कार्यान्वयन अवलम्बन तथा घोषणाका लागि प्रक्रियागत नतिजामुखि संशोधित कार्य योजना ।**

| क्र.स. | कार्य विवरण | मिति | अनुमानित वजेट | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन नीतिगत अवलम्बन तथा घोषणा सम्बन्धी नगरपालिका स्तरीय २ दिने अभिमुखीकरण गर्ने | मिति २०७६।०८।२७ र २८ | आवश्यकतानुसार | नगरपालिका |
| २ | बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि नतिजामुखि कार्ययोजना स्वीकृत गर्ने । | २०७६ मंसिर | आवश्यकतानुसार | नगरपालिका |
| ३ | बालमैत्री स्थानीय शासन नीतिगत कार्यान्वयनका लागि अवलम्बन तथा घोषणा सम्बन्धी वडा स्तरीय अभिमुखीकरण गर्ने, एक,एकदिने | २०७६ माघ १० देखि फागुन १० सम्म | आवश्यकतानुसार | वडा, नगरपालिका |
| ४ | **(क)**विद्यालयका प्र.अ.बि.व्य.स अध्यक्ष,(**ख)**स्वास्थ्यय चौकी इन्चार्ज महिला स्वास्थ्य स्वयम सेबिका,स्वास्थ्यकर्मी **ग)**संघ सस्था,गै.स.स.,सहकारी युवाक्लब **(घ)** संचार कर्मीहरुलाई १।१ दिने बालमैत्री अभिमुखिकरण कार्यक्रम संञ्चालन गर्ने स्थानीय शासन कार्यान्वयन,घोषणा र दिगोपनामा भुमिका सम्बन्धी अन्तरकृर्या (नगरपालिका स्तरीय) गर्ने | २०७८ मंसिर १५ भित्र | आवश्यकतानुसार | गाँउपालिका |
| ५ | बालबालिकाको वस्तुगत विवरणका लागि घरधुरी सर्भे र वडागत ,नगरपालिका स्तरीय प्रकाशन गर्ने । | २०७६ पुष मसान्त | आवश्यकतानुसार | वडा ,नगरपालिका |
| ६ | बालसमूह,बालसमूह संजाल गठन, पुर्नगठन गर्ने । | २०७८।०६।१५ | आवश्यकतानुसार | वडा, नगरपालिका |
| ७ | सभामा अवलम्बन गर्ने निर्णय र वजेट बिनियोजन गर्न निर्णय गर्ने । | आ.व २०७७।०७८ र २०७८।०७९ बजेट | आवश्यकतानुसार | वडा, कार्यपालिका |
| ८ | बालसमूह संजालको नियमित वैठक बस्न कक्षको व्यवस्था गर्ने । **वडा र नगरको** | २०७८।०६।१८ भित्र | आवश्यकतानुसार | वडा, नगरपालिका |
| ९ | नगर CFLGटाक्स फोर्स **(कार्य दल)** गठन, परिचालन गर्ने । | २०७८।०६।१० भित्र | आवश्यकतानुसार | नगरपालिका |
| १० | सूचक स्थानीयकरण तथा बालमैत्री आचारसंहिता निर्माण कार्यशाला गर्ने । | २०७८।०६मसान्त भित्र | आवश्यकतानुसार | वडा, नगरपालिका |
| ११ | बालमैत्री आचारसंहिता वैठकवाट स्वीकृत,.................. छपाई, बितरण,बिद्यालय, टोल, टोलमा छलफल गर्ने............ | २०७८।०६।०७ गते २०७८ असोज मसान्तसम्म | आवश्यकतानुसार | वडा, नगरपालिका |



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १२ | बि.ब्य.समिति. स्वा.ब्य.समितिको बैठकमा आमन्त्रित अर्थपूर्ण बालसहभागिता गर्ने । | २०७८।०६।१० | आवश्यकतानुसार | नगर ,वडा समिति |
| १३ | बालमैत्री स्थानीय शासनको सम्पर्क शाखा इकाइको संस्थागत प्रबन्ध, **सम्पर्क ब्यक्ति** ताक्ने । | २०७६ मंसिर | आवश्यकतानुसार | वडा, नगरपालिका |
| १४ | वडामा बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति **एक/एकजना** तोक्ने । | २०७८।०६।१० | आवश्यकतानुसार | कार्यपालिका |
| १५ | बालसमूह, बाल संजाललाई गठन,सहजीकरण मार्गदशन निर्देशिका २०७४ बमोजिम क्षमता बिकास सम्वन्धी प्रशिक्षण दिने । | २०७८।०७।०७ भित्र | आवश्यकतानुसार | वडा, नगरपालिका |
| १६ | बालमैत्री स्थानीय शासनको नीतिगत कार्यान्वयनका लागि नीतिगत प्रस्तावमा निर्णय गर्ने । | आ.व २०७७।०७८ र २०७८।०७९ | आवश्यकतानुसार | कार्यपालिकाको वैठक |
| १७ | (क) नगरको बालबालिका सम्बन्धी नीति निर्माण गर्ने । | २०७८ असोज मसान्त | आवश्यकतानुसार | कार्यपालिकामा निर्णय गर्ने |
| | (ख) बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि निर्माण गर्ने । | | | |
| | (ग) बालकोष संचालन कार्यविधी निर्माण गर्ने । | | | |
| | (घ) बालसमूह तथा बालसमूह संजालको विधान निर्माण गर्ने ( आवश्यकतानुसार पुन निर्मार्ण गर्ने ) | २०७६ | | |
| १८ | बालमैत्री गतिविधी कागजात दस्तावेज ब्यवस्थापन फाइल सूची तयारी, कार्यशाला गर्ने । | २०७८ कार्तिक मसान्त | आवश्यकतानुसार | वडा, नगरपालिका |
| १९ | बालमैत्री स्थानीय शासनको सूचकको कार्यान्वयनको अवस्थमा मापन तथा बालबालिकाको त्रिवर्षिय आवधिक लगानी योजना निर्माण कार्याशाला, स्थलगत वडा,वडा स्तरीय | २०७८ कार्तिक मसान्त | आवश्यकतानुसार | वडा, नगरपालिका |
| २० | विद्यालयको गेटमा सचेतना वोर्ड,कीराना पसल,खुद्रा पसलमा सावधान वोर्ड, बालविवाह,निकृष्ट बालश्रम बारे घरघरमा पत्राचार,सुचना,पर्चा पम्प्लेट आदि । | २०७८ असोज मसान्त | आवश्यकतानुसार | वडा नगरपालिका |
| २१ | बालबालिकाको स्थिती प्रतिवेदन तयारी,अन्तिम सूचक मापन गर्ने ।<br>बालमैत्री वडा, घोषणा पश्चात दिगोपनाका लागि रणनीतिक योजना निर्माण,छपाई,वितरण गर्ने नगर स्तरीय | २०७८ कार्तिक मसान्त | आवश्यकतानुसार | वडा नगरपालिका |
| २३ | अनुगमन, समिक्षा र मुल्यांकन (अनुगमन चेकलिष्ट सहित । | १५/१५ दिनमा | आवश्यकतानुसार | वडा,नपा,जि.स.स |
| २४ | वडा तथा नगर सभा,भेला बाटै प्रतिवद्धता सहितको निर्णय । | २०७७ .(अन्तिम नगरसभा ) | आवश्यकतानुसार | नगरपालिका |



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| २५ | बालबालिकाको लगानी योजना एवं वार्षिक नगरविकास योजना बमोजिमका कार्यक्रम संचालन<br>**नोट:नीति तथा कार्यक्रम किताबमा उक्त कार्ययोजना समावेस गरेको हुनु पर्छ।** | २०७७।०७८ र २०७८।०७९ सभा | आवश्यकतानुसार | नगरपालिका |
| २६ | बालमैत्री नपा घोषणा कार्ययोजना तयारी वडालाई पुरस्कार स्वरुप थप अनुदान | २०७८।०८।१५ | आवश्यकतानुसार | वडा तथा नपा |
| २७ | बालमैत्री नगरपालिका घोषणा समारोह व्यवस्थापन,सामाग्री आदि | | आवश्यकतानुसार | कार्यपालिका |
| २८ | बालमैत्री नपा घोषणा गर्ने। | २०७८।०८।२९ | आवश्यकतानुसार | वडा, नगरपालिका |

**नोट: यो कार्ययोजना नगर सभाको वजेट, नीति तथा कार्यकम किताबमा समावेस गरी कार्यान्वयन गर्नु पर्दछ।**

मिति २०७६।१०।१२ गतेको ७८ औं कार्यपालिकाद्धारा स्वीकृत भई कार्यान्वयनमा ल्याइएको बाल समुह गठन तथा सहजिकरण निर्देशिका २०७६ अनुसार बाल समुह संन्जाल गठन तथा कार्यसम्पादनमा कठिनाई परेको हुँदा सो लाई खारेजी गरी हाल निर्माण गरिएको **"तिलोत्तमा नगरपालिकाको बालसमुह/बालसमुह संजालको गठन तथा सहजिकरण निर्देशिका, २०७८"** र **"तिलोत्तमा नगरपालिकाको बालउद्धार कोष सञ्चालन कार्यविधि, २०७८"** स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

- मिति २०७६ मंसिर २७ र २८ गते भएको २ दिने नगरपालिकास्तरीय अभिमुखिकरण कार्यक्रमबाट तयार गरिएका तपशील बमोजिमका बालमैत्री आचारसंहिताहरु ( बालबालिकाको, घरपरिवार/समुदाय, कार्यालय/संघसंस्था, शैक्षिक संस्थाको) लाई मिति २०७८।०३।२७ को निर्णयानुसार माननीय मन्त्रीस्तर स्वीकृत बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ बमोजिमका ५१ वटा सूचकको सम्पूर्ण सदस्यलाई जानकारी गराई ५१ वटा सूचक तथा २८ वटा खुड्किला अनुसार तयार/निर्माण गरिएका तपशील बमोजिमका आचारसंहिताहरु स्वीकृत गरि कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

**तपशील**

**बालमैत्री आचार संहिताहरु**
**बालबालिकाले पालना गर्ने आचार संहिता**

- विद्यालय उमेरका हामी सम्पूर्ण बालबालिका नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय जाने
- आफ्नो कर्तव्य प्रति सधै सचेत रहने
- विद्यालय हाताभित्र विद्यालयको बालमैत्री नियमको पालना गदै उच्छृङ्खल व्यवहार नगरी अनुशासित बन्ने।
- बाल समूहहरुमा सक्रिय सहभागिता जनाउदैं कसैलाई कुनै पनि किसिमको भेदभाव नगर्ने।
- विद्यालय र समुदायस्तरमा संचालित विभिन्न अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने।
- निर्धक्क रुपमा आफ्नो हक अधिकारको बारेमा कुरा राख्ने र कर्तव्यको बारेमा सचेत हुने।



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

- बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी नहुने र अन्यत्र हुन लागेमा वडा कार्यालयमा जानकारी दिने ।
- बालबालिकाका आधारभुत आश्यकताहरु पोषिलो खाना , आवाश, स्वास्थ्य, शिक्षा , अवसर, माया, संरक्षक लगायतका बालअधिकारका विषयहरु बारे जानकारी राख्दै अरुलाई पनि सिकाउने ।
- अपाङ्गता भएका बालबालिकालाई सहयोग गर्ने ।
- बजारिया खाना भन्दा घरायसी खाना खाने ।
- बाल दुर्व्यवहार , विभेद , श्रम शोपण विरुद्ध आवाज उठाउने ।
- यातायातका साधनमा जथाभावी नझुण्डिने , ट्राफिक नियमको पालना गर्ने ।
- आफुले नबुझेको र नजानेको कुरा शिक्षक तथा आफ्नो अभिभावकलाई सोध्ने ।
- आफुसँग सम्बन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागी हुने ।
- अनुशासनहीन कार्यमा सहभागी नहुने ।
- गाँउ घरमा हुन लागेको तथा भइरहेको वालविवाह, वालयौन दृर्व्यवहार तथा बालश्रम जस्ता कुराहरु हुन नदिने सोको जानकारी सम्बन्धित वडा कार्यालयलाई दिने ।
- समय तालिका अनुसार पढ्ने लेख्ने, खेल्ने, सुत्ने ।
- आधुनिक प्रविधिको उचित प्रयोग गर्ने ।
- सुर्तिजन्य, मार्दक पदार्थको प्रयोग तथा खरिद विक्रि एवम् दुर्व्यसनमा संलग्न नहुने ।
- बालअधिकारको हनन भएको अवस्था देखेमा सम्बन्धित वडामा खबर पुरयाउने ।
- अपरिचित व्यक्तिको ललाइ फकाइ तथा प्रलोभनमा नफस्ने ।
- आफु आवद्ध रहेको वा आफुलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागी हुने ।
- बालसमुह मार्फत बाल सहभागिता अभिवृद्धिमा सहयोग गर्ने ।
- दिशा पिसावको लागि चर्पीको प्रयोग र चर्पीको सरसफाइ गर्ने ।
- विद्यालय हाताभित्र सरसफाइ राख्न सहयोग गर्ने ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिदैं हात धुनुपर्ने अवस्था बुझ्ने र कार्यान्वयन गर्ने ।
- वातावरणिय सरसफाइमा ध्यान दिने ।
- पोषिलो खानेकुरा खाने , भाइ बहिनी र साथीलाइ पनि खानको लागि प्रेरित गर्ने ।
- ६ महिनासम्म बालबालिकालाई आमाको दुधमात्र खुवाउनको लागि अभिभावकलाई सचेत गराउने ।
- आवश्यक परेको खण्डमा सुरक्षित हुदै घरपरिवारको ज्येष्ठ सदस्यको अनुमति लिएर मात्र बाहिर जाने ।
- विद्यालय भर्ना अभियान , खोप अभियान , सरसफाइ सप्ताह लगायतका राष्ट्रिय अभियानहरुमा बालसमुह मार्फत सक्दो जनचेतना गर्न सहयोग गर्ने ।
- साना भाइबहिनीहरुलाइ बाल विकास केन्द्रमा भर्ना गर्न अभिभावकलाइ प्रेरित गर्ने ।
- आफुभनदा ठुलालाई आदर र सानालाई माया गर्ने ।
- आफुभित्र रहेको प्रतिभा प्रस्फुटनका लागि सक्रिय रहने ।

## अभिभावकले पालना गर्ने आचार संहिता

- विद्यालय उमेरका हाम्रा छोरी छोराहरुलाइ नियमित रुपमा विद्यालय पोशाकमा विद्यालय पठाउने ।
- आफ्ना छोरी छोरालाई आवश्यक खेलकुद तथा पाठ्य सामाग्रीको व्यवस्था गर्ने ।
- विद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्ने ।



प्रदिप पोडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

- बालबालिकालाई अनुशासित र योग्य बनाउन बालसमुह तथा संस्कार सदनमा सहभागी हुन प्रेरित गर्ने ।
- समुदाय र विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रेरित गर्ने ।
- बालविवाह ,बालयौन, दुर्व्यहार , बालश्रम जस्ता कार्य नगर्ने गर्न पनि नदिने तथा सो देखिएमा सम्बन्धित निकायमा सूचना दिने ।
- बालबालिकालाई बालअधिकार कर्तव्यका कुराहरु सिक्न प्रेरित गर्दै अवसर पनि प्रदान गर्ने ।
- अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकताको पहिचान गरि सहयोग पुयाउन पहल गर्ने।
- छोरा छोरीमा विभेदपूर्ण व्यवहार नगर्ने, सम्मान जनक शव्दहरुको प्रयोग गर्ने ।
- अभिभावकसँग समक्ष निर्धक्कसँग बालबालिकाले आफ्नो कुरा राख्न सक्ने वातावरण सिर्जना गर्ने।
- उमेर सँगसगै हुने शारीरिक र मानसिक परिर्वतन बारे यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी उचित जानकारी दिने ।
- आफ्नो घरमा कुनैपनि बालबालिकाको बालविवाह नगर्ने र गर्न पनि नदिने ।
- बालश्रममा नलगाउने र लगाउनेलाई पनि सचेत गराउने ।
- पढ्न लेख्न खान सुत्न खेल्न र सञ्चार आधुसनक प्रविधिको उचित प्रयोग गनृ समय तालिका बनाउने ।
- नियमित स्वास्थ परिक्षण गर्नुका साथै खोप लगाउने व्यवस्था मिलाउने ।
- मादक पदार्थ तथा सुर्ती जन्य पदार्थको खरीद बिक्रिमा संलग्न नगराउने ।
- कुलत तथा दुर्व्यसनमा फस्न नदिनुका साथै घरपरिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्ने ।
- अपरिचित व्यक्तिको ललाइ फकाइ तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउने ।
- बालबालिकालाई हिंसा दुर्व्यवहारबाट बसरी बच्ने जानकारी दिने ।
- बालसमुह तथा बालबालिका आवद्ध भएको सामाजिक संघसंस्थाको कार्यक्रम तथा बैठकमा अर्थपूर्ण सहभागिताको लागि प्रेरित गर्ने ।
- सुलभ तथा बालमैत्री शौचालयको व्यवस्था गरिदिने ।
- स्वस्छ खानेपानीको व्यवस्था गर्ने र हात धुने बानी सिकाउने ।
- नियमित सरसफाइ जस्तै नङ काट्ने , कपाल कोर्ने, काट्ने, ब्रस गर्ने , साबुन पानीले हात धुने , नुहाउने आदि कुराको ख्याल गर्ने ।
- समयमा खाजा र सन्तुलित भोजनको व्यवस्था मिलाइदिने ।
- बालबालिकाको जन्मदर्ता बनाई समयमा विद्यालय भर्ना गर्ने ।
- बालबालिकालाइ असल संस्कार दिने ।
- साना बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गर्ने ।
- डर, त्रास तथा अनावश्यक रुपले नहप्काउने ।
- बालमैत्री स्थानीय शासनको प्रवर्द्धन , घोषणा तथा निरन्तरता गर्ने कार्यमा पूर्ण रुपमा प्रतिबद्धताका साथ लाग्ने।
- बालबालिकालाई घरायसी आदर सम्मान सम्बन्धी बानीको विकास गराउने ।
- आफ्ना छोराछोरीलाई कम्तीमा ६ महिनासम्म पूर्ण स्तनपान गराउने ।

**विद्यालय / संघ संस्था तथा व्यापारीले पालना गर्ने आचार संहिता**

- प्रत्येक विद्यालयका सेवा क्षेत्रभित्र रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयका पहुँचमा ल्याउने ।
- विद्यालयमा निर्धारित समयसम्म तथा प्रचलित कानुनको अधिनमा रहि विद्यालय संचालन गर्ने।



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

- विद्यालयमा बालबालिका , अभिभावक र शिक्षकको पालना गर्नुपर्ने नीति नियमको बारेमा सचेत गराउने ।
- बालबालिका तथा अभिभावकलाई बालसमुहको महत्वबारे सचेत गराउने।
- घर परिवार तथा समाजमा बालमैत्री बातावरण सिर्जना गर्न अभिप्रेरित गर्ने ।
- बालबालिकाहरुमाथि हिंसा , दुर्व्यहार , बालश्रम शोषण गर्नेलाई दण्डित गर्ने र रोम्न सचेतना फैलाउने ।
- दण्ड रहित र बालमैत्री वातावरणमा पठनपाठन गर्ने ।
- बालअधिकारको संरक्षण गर्ने ।
- बालबालिका तथा अभिभावकहरुलाई बालअधिकार सम्बन्धी सचेत गराउने ।
- गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने ।
- संघ संस्थामा सनर्माण गरिने भौतिक संरचना बालमैत्री तथा अपाङ्गमैत्री बनाउने ।
- वडा , गरपालिकाको योजना छनौट प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउने ।
- शिक्षक , बालबालिका र अभिभावक विच अन्तरक्रियाको व्यवस्था गर्ने ।
- बालविवाह र बालयौन दुर्व्यवहारलाई अन्त्य गर्न सधैं प्रयासरहत रहने ।
- समुदायमा बाल स्वास्थ्य सम्बन्धी सचेतना जगाउनुका साथै व्यक्तिगत सरसफाइ र पोषण सम्बन्धी जानकारी गराउने ।
- धुमपान, मधपान, सुर्ती जन्य सामग्रीहरु खरिद बिक्रि ओसार पोसार गर्न बालबालिकालाई नलगाउने ।
- विद्यालय हाताभित्र धुमपान, मधपान, सुर्तीजन्य सामाग्रीहरु प्रयोग नगर्ने र आसपासका क्षेत्रमा बिक्री वितरण पनि नगर्ने ।
- बालअधिकार हननका घटनाहरु अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्ने ।
- निर्माण यातायात, होटेल, व्यापार आदिमा बालश्रम निषेध गर्ने ।
- बालबालिकाहरुको सार्न्दभिक सहभागिता गराउने ।
- बालबालिकाका लागि नियमित बजेट विनियोजन गर्ने ।
- विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, बालसमुह तथा विभिन्न सामाजिक संरचनामा बालबालिकालाई संस्थागत अर्थपूर्ण सहभागिता गराउने ।
- बालमैत्री, अपाङगमैत्री र छात्रमैत्री शौचालयको व्यवस्था गरिदिने ।
- स्वस्छ पिउने पानीको व्यवस्था गर्नुका साथै सरसफाइ सम्बन्धी सचेतना जगाउने ।
- पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउने ।
- घरबाट बाहिर निस्कदा बालबालिकामाथि हुन सक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपायबारे सचेत गराउने ।
- जन्मदर्ता अभियान, विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाइ सप्ताह लगायतका राष्ट्रिय अभियानहरु संचालन गर्ने ।
- उमेर पुगेका बालबालिकाहरुलाई बालविकास केन्द्र, विद्यालयमा भना गर्ने ।
- बालविकास केन्द्र स्थापना तथा संचालन गर्ने ।
- बालमैत्री लगानी योजना तर्जुमा र कार्यान्वयन गर्ने ।
- बालमैत्री स्थानीय शासन अभियानको सफलताका लागि पुर्ण रुपमा समर्पित हुने ।
- घरायसी आदर सम्मान बारे बालबालिकाहरुलाइ क्षमता विकास गर्ने ।
- बालसहभागिता गराउदा अभिभावकको स्वीकृती लिने ।
- बालमैत्रीमा आधारित अतिरिक्त क्रियाकलाप गरी बालबालिकालाई सम्मानित गर्ने ।

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय तहले पालना गर्ने आचारसंहिता

- वडा, नगरपालिकालाई बालमैत्री घोषणा तथा निरन्तरताका लागि कुल पुँजिगत बजटेको कम्तिमा १० प्रतिशत बिनियोजन गर्ने ।
- बाल उधान निर्माण गर्ने ।
- विद्यालयको अवस्था अनुगमन गर्ने ।
- विद्यालय व्यवस्थापन समितिको बैठकमा उपस्थित हुने ।
- बालसमुह सञ्जाल गठन संचालन, सहजीकरण , क्षमता विकासका लागि अवसर दिने र बैठक गर्न सिकाउने ।
- भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङगमैत्री अवधारणा अवलम्बन गर्ने ।
- बालबालिका माथि शोषण, हिंसा तथा दुर्व्यवहार गर्ने गराउनेलाई दण्डित गर्ने ।
- बालविवाह, लागु पदार्थ बेचबिखन, बालश्रम गर्ने गराउनेलाई दण्डित गर्ने ।
- विद्यालय जाने उमेरका सबै बालबालिकाहरुलाई विद्यालयको पहँचमा पुयाइ गुणस्तरीय शिक्षणको सुनिश्चित गर्ने ।
- बालमैत्री स्थानीय शासन युक्त विद्यालय घोषणाका लागि आवश्यक अनुगमन तथा बातावरण तयार गर्ने ।
- स्थानीय सरकार संचालन ऐन, नियम  रणनीतिले दिएको अधिकार प्रयोग गरी वडा, नगरलाई बालमैत्री घोषणा गर्ने ।
- नगरपालिका क्षेत्रभित्रका बालबालिकालाई वडा भेला, योजना तर्जुमा समिति र सहभागितात्मक योर्जना तर्जुमा प्रक्रियाका चरणमा बालबालिकाको सक्रिय सहभागिताको सुनिश्चितता गर्ने ।
- बालश्रम , बालविवाह मुक्त वडा घोषणा र निरन्तरता गर्ने ।
- बालविवाह हुन नदिनका लागि सरोकारवालाहरुलाई निरन्तर सचेत गर्ने गराउने ।
- कानुनस् आधारमा कुलत कुसंगती न्युनीकरणका लागि सम्बन्धित निकायको सहयोग लिई कार्य गर्ने
- निरन्तर घरदैलो अनुगमन तथा उत्प्रेरणा जागरण गर्ने ।
- बालबालिकाहरुलाई युद्ध , नारा जुलुश, राजनितिक कार्यक्रममा संलग्न नगराउने ।
- बालमैत्री सूचक सम्बन्धी भएका कागजात व्यवस्थापन गर्ने ।
- नगर तथा वडामा बलमैत्री शाखा स्थापना गर्ने ।
- अर्थपूर्ण बाल सहभागिताका लागि सवषयगत सरोकारवालाहरुसँग निरन्तर समन्वय गर्ने ।
- शैचालयको प्रयोग, सरसफाइ तथ खुला दिशामुक्त वडा, नगर निरन्तरताका लागि सचेत रहने ।
- सबै घरधुरीम पिउनयोग्य  पानीको व्यवस्था सुनिश्चित गर्ने ।
- विद्यालयमा शौचालय बालमैत्री, छात्रामैत्री , अपाङगमैत्री बनाउने ।
- पोषिलो खाना तथा स्थानीय रुपमा व्यवस्थापन सम्बन्धी ज्ञान, सिप, धारणाको प्रवाह गर्ने ।
- समुदायमा आधारित बालसंरक्षणमा काम गरिरहेका समुह संगठनसँग निरन्तर समन्वय गर्ने ।
- घटना दर्ता तथा अन्य अभियान जस्ता कार्यक्रकको आयोजना तथ तथ्याकं अध्यावधिक गर्ने ।
- बालविकास केन्द्रको अवस्था निरन्तर अनुगमन गर्ने ।
- बालविकास केन्द्रको उचित व्यवस्थापन गर्ने ।
- उमेर पुगेका बालबालिकालाई मात्र भर्ना गर्न दिने ।
- बालविकास केन्द्रमा दिवा खाजाको व्यवस्था गर्ने ।
- बालसहभागितामा बालमैत्री योजना छनौट गर्ने ।
- बालबालिकाहरुका लागि आवधिक लगानी योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- बामैत्री योजना कार्यान्वयनको अवस्था अनुगमन गर्ने ।
- बालमैत्री ऐन कानुन कार्यान्वयन गर्ने ।



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

➢ जेहेन्दार, उत्कृष्ट बालबालिकाको सम्मानका लागि कार्यक्रमको निर्माण गर्ने ।
➢ विभिन्न तहमा अर्थपूर्ण बालसहभागिता गराउने ।

- मिति २०७८।०८।२९ गतेका दिन यस नगरपालिकालाई सम्पूर्ण सूचकहरुमा पुरा गरी बालमैत्री स्थानीय शासन न.पा गराउने गरी तयार गरिएको बालमैत्री योजना कार्यान्वयन गर्न तपशील बमोजिमको बालमैत्री योजना कार्यान्वयन कार्यदल (टाक्सफोर्स कमिटि) समिति गठन गर्ने निर्णय गरियो ।

**तपशील**

नगर उपप्रमुख श्री जागेश्वर देवी चौधरी - संयोजक
सा.वि.स संयोजक श्री राधा शाही - सदस्य
शिक्षा शाखा प्रमुख श्री गंगाराम आचार्य - सदस्य
स्वास्थ्य शाखा प्रमुख श्री मोति प्रसाद पौडेल - सदस्य
महिला बालबालिका शाखा प्रमुख श्री सम्झना भण्डारी - सदस्य
सामाजिक विकास शाखा प्रमुख श्री विनोद ज्ञवाली - सदस्य
सामाजिक विकास परिचालक श्री अल्पा घिमिरे - सदस्य
वातावरण शाखा प्रमुख श्री गोरखनाथ खनाल - सदस्य
नगर बालमैत्री सर्म्पक व्यक्ति शा.अ श्री शारदा भट्टराई - सदस्य
प्रमुख प्रशासकीय अधिकृत श्री प्रदिप पौडेल - सदस्य सचिव

- **यस नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने सन्बन्धमा बाल संरक्षणका क्षेत्रमा काम गर्ने गरी तपशील बमोजिमको बालअधिकार समिति गठन गर्ने निर्णय गरियो ।**

**तपशील**

(क) नगर उपप्रमुख श्री जागेश्वर देवी चौधरी - संयोजक
(ख) तिलोत्तमा भित्रको विद्यालयका संरक्षक शिक्षकमध्ये शिक्षक श्री शम्भु प्रसाद पराजुली -सदस्य
(ग) महिला स्वास्थ्य स्वयंसेविका मध्ये वाट श्री ललिता न्यौपाने वडा न. ३ - सदस्य
(घ) बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्येबाट श्री सुमित्रा शर्मा सेतो गुराँस बालविकास केन्द्र - सदस्य
(ङ) नगरबालसंञ्जालका बालक श्री -सदस्य
च) नगरबालसंञ्जालका बालिका श्री - सदस्य
(छ) श्री जंगबहादुर बुढाप्रिति - सदस्य
ज) श्री रीता चौधरी - सदस्य
झ) श्री सावित्रा घिमिरे - सदस्य
(आदिबासी जनजाति, मधेसी, अल्पसंख्यक दलित तथा अपाङ्ग पिछडिएका वर्ग र समुदायको १ जना महिला प्रतिनिधित्व हुनेगरी) ३ जना -सदस्य
(ञ) मंगलापुर प्रहरी कार्यालयको प्रमुख -सदस्य
(ट) शिक्षा समिति प्रतिनिधि श्री सुरेन्द्र श्री -सदस्य
ठ) नगर बालमैत्री सर्म्पक व्यक्ति श्री शारदा भट्टराई -सदस्य सचिव



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

- यस तिलोत्तमा नगरपालिका भित्रका विद्यालयहरुले बालमैत्री स्थानीय शासनयुक्त विद्यालय बनाउने सर्न्दभमा आवश्यक पर्ने २ वटा मापदण्ड **विद्यालय सवारी साधन संचालन तथा व्यवस्थापन निर्देशिका २०७८ र तिलोत्तमा नगरपालिकाको प्रारम्भिक बाल शिक्षा केन्द्र तथा शिशु विकास केन्द्र संचालन तथा व्यवस्थापन निर्देशिका २०७८** निर्माण यथाशक्य गर्ने गरी शिक्षा युवा तथा खेलकुद शाखालाई निर्माण जिम्मा दिने निर्णय गरियो ।

प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख